**यो आकाशवाणी हो**

## मुख्य समाचार

- **केन्द्र सरकारले उच्च शिक्षामा एआईलाई समावेश गर्न पहल गरिरहेको राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको भनाई**
- **संसदमा वित्तमन्त्रीले भारतीय अर्थव्यवस्थाको स्पष्ट तस्वीर प्रस्तुत गरिसक्नुभएको प्रधानमन्त्रीले बताउनुभयो**
- **युक्रेन द्वन्द्व समाप्त गर्ने विषयमा विदेशमन्त्री डा. जयशंकरले युक्रेनका विदेशमन्त्रीसित गर्नुभयो छलफल**
- **चौथो दक्षिण एसियाली सिनियर एथलेटिक्स च्याम्पियनसिप मईमा राँचीमा हुने**
- **महिला प्रिमियर लिगमा अहिले दिल्ली क्यापिटल्स र मुम्बई इन्डियन्सको भिडन्त हुँदै, अनि**
- FIH **प्रो हकी लीग आजदेखि शुरू**

## अब समाचार विस्तारमा

### राष्ट्रपति झारखण्ड

केन्द्र सरकारले उच्च शिक्षामा कृत्रिम बुद्धिमत्ता एआईलाई समावेश गर्न पहल गरिरहेको राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले बताउनु भएको छ। आज राँचीको मेसरामा रहेको बिर्ला इन्स्टिच्युट अफ टेक्नोलोजीको प्लेटिनम जुबली समारोहलाई सम्बोधन गर्दै राष्ट्रपतिले कृत्रिम बुद्धिमत्ता र मेसिन लर्निङमा भएको प्रगतिका कारण भविष्यमा ठूला परिवर्तनहरू देखिने बताउनु भयो। राष्ट्रपतिले विकसित भारत निर्माणमा युवाहरूको उत्साह र प्रतिबद्धताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा जोड दिनुभयो। श्रीमती द्रौपदी मुर्मुले नवाचार र उद्यमीहरूले परम्परागत समुदायको ज्ञानलाई बेवास्ता गर्नु हुँदैन भन्नुभयो। महिला सशक्तिकरणको बारेमा राष्ट्रपतिले भन्नुभयो, विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित जस्ता क्षेत्रमा छोरीहरू पनि कम छैनन्। राष्ट्रपतिले शिक्षा र नवाचारमा उत्कृष्टताको ७० वर्ष पूरा गरेकोमा मेसराको बिरला इन्स्टिच्युट अफ टेक्नोलोजीको प्रशंसा गर्नुभयो। प्रविधिको क्षेत्रमा नवप्रवर्तनलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिँदै राष्ट्रपतिले कृत्रिम बुद्धिमत्ताले मानिसहरूको जीवन परिवर्तन गर्न सहयोग गर्न सक्ने बताउनु भयो।

### प्रधानमन्त्री – भारत टेक्स २०२५

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा आयोजना भइरहेको भारत टेक्स २०२५ प्रदर्शनीमा सहभागिता जनाउनु हुनेछ। यस अवसरमा श्री मोदीले जनतालाई सम्बोधन पनि गर्नुहुनेछ। 14 फरवरीमा सुरु भएको यो प्रदर्शनी 17 फरवरीसम्म जारी रहनेछ।

यसले एउटै छानामुनि कच्चा पदार्थ, तयार उत्पादन र सामानहरूको सम्पूर्ण कपडा मूल्य श्रृंखला प्रदान गर्दछ। भारत टेक्स कपडा उद्योगको सबैभन्दा ठूलो र व्यापक कार्यक्रम हो। यस अवधिमा, ७० भन्दा बढी वैश्विक स्तरका सम्मेलनहरू पनि आयोजना हुँदैछन्। प्रदर्शनीमा १२० भन्दा बढी देशका पाँच हजारभन्दा बढी प्रदर्शकहरू र छ हजार अन्तर्राष्ट्रिय खरीददारहरूले भाग लिएका छन्।

## प्रधानमन्त्री सीतारामन

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले संसदमा आफ्नो हालैको सम्बोधनको क्रममा भारतीय अर्थव्यवस्थाको स्पष्ट तस्वीर प्रस्तुत गरिसक्नुभएको छ। सामाजिक सञ्जालको एक पोस्टमा, प्रधानमन्त्रीले संघीय बजेट र आयकर विधेयकको बारेमा संसदमा वित्तमन्त्रीले गरेको भाषण साझा गर्नुभएको छ। वित्तमन्त्रीको प्रशंसा गर्दै श्री मोदीले सरकारले गरिरहेका सुधारहरूको स्पष्ट प्रतिनिधित्व गर्ने बताउनु भएको छ।

## केन्द्रीय सतर्कता आयोग - केजरीवाल

केन्द्रीय सतर्कता आयोगले Six flag staff बंगलाको निर्माण र नवीनीकरणमा अनियमितता भएको आरोपको छानबिन गर्न आदेश दिएको छ। आम आदमी पार्टीका संयोजक श्री अरविन्द केजरीवाल दिल्लीका मुख्यमन्त्री हुँदा यही बंगलामा बस्नु भएको थियो। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा रोहिणीका विधायक श्री विजेन्द्र गुप्ताको उजुरीमा आयोगले केन्द्रीय लोक निर्माण विभागलाई अनुसन्धानको आदेश दिएको हो।

## समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

Goom

## युक्रेनका मन्त्री - जयशंकर

जर्मनीको म्युनिखमा सुरक्षा सम्मेलनको क्रममा विदेशमन्त्री डा. एस. जयशंकरले युक्रेनका विदेशमन्त्री श्री एन्ड्री तेसिबिहासँग भेट गर्नुभयो। यसक्रममा दुई नेताहरूले युक्रेन द्वन्द्व अन्त्य गर्न जारी प्रयासहरूबारे छलफल गर्नुभएको थियो। दुई नेताबीचको वार्ता युक्रेनमा शान्ति स्थापनामा केन्द्रित रहेको थियो। दुवै नेताहरूले भारत र युक्रेनबीचको द्विपक्षीय सहयोगलाई सुदृढ पार्ने विषयमा पनि छलफल गर्नुभयो।

## जेलेन्स्की - युरोप सेना

युक्रेनका राष्ट्रपति **श्री भ्लोदिमिर जेलेन्स्कीले** युरोपको लागि सशस्त्र सेना गठन गर्न आह्वान गर्नुभएको छ। उहाँले युक्रेनको रुससँगको युद्धका कारण सैन्यबल गठनको आवश्यकता महसुस भएको बताउनु भएको छ।

म्युनिख सुरक्षा सम्मेलनमा बोल्दै श्री जेलेन्स्कीले युरोपका प्रमुख सुरक्षा मुद्दाहरूमा अमेरिकाले समर्थन फिर्ता लिने सम्भावनालाई बेवास्ता गर्न नसकिने बताउँदै, एकीकृत युरोपेली सैन्य बलको आवश्यकता रहेको बताउनुभयो।

## CBSE - बोर्ड परीक्षाहरू

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड - सीबीएसई को दसौं र बाह्रौं श्रेणीको बोर्ड परीक्षा आजदेखि सुरु भयो। यस परीक्षामा भारत र विदेशबाट ४२ लाखभन्दा धेरै विद्यार्थीहरूले सहभागिता जनाउँदैछन्।

परीक्षाका लागि ७ हजार ८४२ केन्द्रहरू स्थापना गरिएका छन्। परीक्षाहरू बिहान साढे दसबजेदेखि दिउँसो साढे एकबजेसम्म एउटै सत्रमा सञ्चालन हुनेछन्। कक्षा १० को परीक्षा १८ मार्चमा र कक्षा १२ को परीक्षा 4 अप्रेलमा समाप्त हुनेछ।

**प्रयागराज दुर्घटना**

उत्तर प्रदेशको प्रयागराज जिल्लामा कार र बस ठोक्किँदा भएको दुर्घटनामा दश जनाको मृत्यु भएको छ भने १९ जना घाइते भएका छन्। कार छत्तीसगढको कोरबाबाट प्रयागराज आउँदै थियो भने यात्रुहरूले भरिएको बस प्रयागराजबाट वाराणसी जाँदै थियो।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले दुर्घटनामा मृत्यु भएका परिवारप्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। राज्यका मुख्यमन्त्री योगी आदित्यनाथले पनि मृतकका परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ।

**एथलेटिक्स च्याम्पियनशिप**

चौथो दक्षिण एसियाली सिनियर एथलेटिक्स च्याम्पियनसिप 3 मईदेखि ५ मईसम्म राँचीको बिरसा मुन्डा एथलेटिक्स स्टेडियममा आयोजना हुनेछ। श्रीलंका एथलेटिक्स महासंघले यस आशयको जानकारी दिएको छ।

च्याम्पियनसिपमा भारत, श्रीलंका, पाकिस्तान, बंगलादेश, नेपाल, भुटान र माल्दिभ्सका खेलाडीहरूले भाग लिने महासंघले जनाएको छ। यो च्याम्पियनसिप गत वर्ष अक्टोबरमा राँचीमा आयोजना हुने तय भए तापनि स्थगित भएको थियो। दक्षिण एसियाली सिनियर एथलेटिक्स च्याम्पियनसिप १७ वर्षपछि पुन शुरु हुँदैछ। यो प्रतियोगिता अन्तिम पटक २००८ मा आयोजना भएको थियो। पहिलो दुई च्याम्पियनशिप १९९७ र १९९८ मा भएका थिए।

**प्रिमियर क्रिकेट लिग**

महिला प्रिमियर लिग क्रिकेटमा अहिले बडोदराको कोटाम्बी स्टेडियममा दिल्ली क्यापिटल्स र मुम्बई इन्डियन्सको खेल शुरु भएको छ। हिजो भएको प्रतियोगिताको पहिलो खेलमा रोयल च्यालेन्जर्स बैंगलोरले गुजरात जायन्ट्सलाई ६ विकेटले पराजित गरेको थियो।

**प्रो हकी लीग**

FIH प्रो हकी लीग आजदेखि शुरू भएको छ। अहिले भुवनेश्वरमा भारतीय पुरुष टीमको भिडन्त स्पेनसँग शुरु भइसकेको छ। यसभन्दा पहिला सम्पन्न खेलमा भारतीय महिला टीमले इंग्ल्याण्डलाई 3-2 ले पराजित गऱ्यो। प्रतियोगितामा आज दिउँसो सम्पन्न खेलमा स्पेनको महिला टीमले जर्मनीलाई 2-1ले पराजित गरेको थियो।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

**Under Play music**

- **केन्द्र सरकारले उच्च शिक्षामा एआईलाई समावेश गर्न पहल गरिरहेको राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको भनाई**
- **संसदमा वित्तमन्त्रीले भारतीय अर्थव्यवस्थाको स्पष्ट तस्वीर प्रस्तुत गरिसक्नुभएको प्रधानमन्त्रीले बताउनुभयो**
- **युक्रेन द्वन्द्व समाप्त गर्ने विषयमा विदेशमन्त्री डा. जयशंकरले युक्रेनका विदेशमन्त्रीसित गर्नुभयो छलफल**
- **चौथो दक्षिण एसियाली सिनियर एथलेटिक्स च्याम्पियनसिप मईमा राँचीमा हुने**
- **महिला प्रिमियर लिगमा अहिले दिल्ली क्यापिटल्स र मुम्बई इन्डियन्सको भिडन्त हुँदै, अनि**
- FIH **प्रो हकी लीग आजदेखि शुरू**

  **आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो**